## समाजसेवी तथा बालमनोबिज्ञ सुचिकृत गर्ने सम्बन्धी धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलालीको अत्यन्त जरुरी सूचना

प्रथम पटक प्रकासित मिति:२०८०/१०/११ गते

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (२) बमोजिम स्थानीय बालअधिकार समिति धनगढीको मिति २०८०/१०/०९ गते बसेको बैठकको निर्णय अनुसार देहाय बमोजिमको योग्यता भएका समाजसेवी तथा बालमनोबिज्ञले निम्नानुसारको कागजात तथा व्यक्तिगत विवरण सहित स्थानीय बालअधिकार समिति धनगढीमा सुचिकृत हुनको लागिं सूचना प्रकासित भएको मितिले २१ दिन भित्र निबेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ |

**योग्यता:**

क) नेपाली नागरिक,
ख) नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका बिरुद्धको कसुरमा अदालतबाट कसुरदार नठहरिएको,
ग) असल चरित्र भएको,
घ) समाजसेवीको रुपमा सुचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित/सामाजिक बिषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरेको र सामाजिक कार्य सम्बन्धी बिषयमा कम्तिमा एक महिना तालिम प्राप्त गरेको,
ङ) बालमनोबिज्ञको रुपमा सुचिकृत हुनको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित बिषयमा स्नातक गरेको वा कम्तिमा प्रविणता प्रमाण पत्र तह वा बाह्र कक्षा उतिर्ण गरी मान्यता प्राप्त निकाय वा तालिम प्रदायक संस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको,

**अन्य:**

च) सूचना प्रकासन भएको मितिले २१ औ दिनमा सार्बजनिक बिदा परेको खण्डमा त्यसको भोलिपल्ट सुचिकृत हुनको लागि निबेदन पेस गर्न सकिने छ |
छ) अन्य जानकारीको लागि स्थानीय बाल कल्याण अधिकारी धनगढीको फोन न. ९८४८४४९८५७ मा सम्पर्क गरी जानकारी लिन सकिने छ |

२०८०/१०/११

टंक बहादुर बिष्ट
बाल कल्याण अधिकारी